टोखा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ०५ संख्याः ०१ मितिः आषाढ १८, २०७८

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधान अनुसूची ८ को क्रमसंख्या ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम टोखा नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## आर्थिक ऐन - २०७८

### टोखा नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावना:**टोखा नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ (२) बमोजिम टोखा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "टोखा नगरपालिकाको आर्थिक ऐन, २०७८" रहेको छ।

(२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि टोखा नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति करलगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):**नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **वहाल करः**नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै / आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर**: नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

**७. सवारी साधन कर**:नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ।

८. **विज्ञापन कर**: नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

९. **मनोरन्जन तथा दहत्तर वहत्तर कर**: नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय, ढुगाँ, गिटी, बालुवा लगायतका दहत्तर वहत्तरमा प्रदेश कानुनले निर्धारण गरे वमोजिमको दररेटमा अनुसूचि (८) वमोजिम नगरपालिकाले संकलन गर्नेछ।

१०. **बहाल बिटौरी शुल्क**: नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **पार्किङ शुल्क**: नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग,क्यानोइङ्गः-** नगरपालिकालेआफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, क्यानोइङ्ग, वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुर**: नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१४. **पर्यटनशुल्क**:नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१५. **दण्ड जरिवाना:-** अनुसूचि १४ मा उल्लेख भएका शिर्षकहरुमा सोहि वमोजिम दण्ड जरिवाना लगाई असुलउपर गरिनेछ।

१६. **कर छुट**: यस ऐनमा उल्लेख भए वाहेक कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि**: यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि तथा छुट शिर्षकका हकमा नगर कार्यपालिकाले तोके अनुसार हुनेछ।

१८. संघीय सरकार तथा प्रदेश सरकारको आर्थिक ऐन लगायत अन्य प्रचलित कानुन संग वाझिएको हकमा स्वतः अमान्य हुनेछ।

अनुसूचि-१

(दफा २ संग सम्वन्धित)

## सम्पतिकर मुल्याङ्कन आधार

**क. सम्पतिको मुल्याङ्कन** –(१)सम्पतिकर निर्धारण प्रयोजनको लागि नगरपालिका क्षेत्रभित्र रहेको भवन संरचनाको सम्पूर्ण क्षेत्रफल र उक्त भवन संरचना रहेको जग्गा र सो भवन संरचनाले ओगटेको क्षेत्रफल वरावरको थप जग्गा वा पाँच हजार चार सय छयहत्तर वर्ग फीट जग्गा मध्ये जुन घटी हुन्छ त्यसलाई मुल्याङ्कनमा समावेश गरी कर निर्धारण गरिनेछ।

(२) उपदफा (१) वमोजिम कर निर्धारण गर्नको लागि कायम भएको जग्गा कटाएर वाँकी रहेको जग्गामा भूमिकर मात्र लगाई असूल गरिनेछ।

(३) उपदफा (१) मा भएको ब्यवस्थामा जग्गाको हिसाव प्रती आनामा गरिनेछ।

(४) नगरपालिकावाट नक्सा स्वीकृत हुँदा निजले पेश गरेको जग्गामा पछि जग्गा थप हुन आएमा सो जग्गा समेत समावेश गरी कर निर्धारण गरिनेछ।

(५) नगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति/संस्थाको आफ्नै स्वामित्वमा रहेको जग्गामा नक्सापास गरी वा नगरी चौघेरा हाली निर्माण भएको स्थायी वा अस्थायी घर, टहरा, छप्पर,सेड आदिलाई सम्पति कर प्रयोजनकोलागि घर मानी मुल्याङ्कन गरी कर निर्धारण गरिनेछ।

(६) आर्थिक वर्षको पहिलो दिन सम्पति जसको स्वामित्वमा रहेकोछ, सो सम्पति सोहि ब्यक्तिको नाममा रहेको मानी कर निर्धारण गरिनेछ। कुनै सम्पति एक भन्दावढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व अवस्था स्पष्ट भएकोमा सोही अनुसार अन्यथा संयुक्त स्वामित्व मानी कर निर्धारण गरिनेछ।

(७) कर निर्धारण प्रयोजनका लागि घर र जग्गाको मुल्य कायम गर्दा तोकिए बमोजिमको दर अनुसार गरिनेछ।

(८) सम्पति कर निर्धारणको लागि सम्पति मुल्याङ्कन देहाय वमोजिमका आधारमा गरिनेछ।

- घर जग्गाको आकार, प्रकार  वनोट
- घरको हकमा ह्रास मुल्य
- घर र जग्गाको व्यापारिक वा आवाशिय उपयोगको अवस्था
- कुनै घर वा घरको केहि भाग क्षति भई सम्पति कर भुक्तानी गर्न क्षतिग्रस्त वा भत्केको घर/भागको मुल्य घटाई निर्धारण गरी पाउन निवेदन दिएमा सम्वन्धित वडा हेर्ने प्राविधिकले दिएको स्थलगत प्रतिवेदन

**ख. सम्पति मुल्याङ्कन दर** – नगरपालिकाले वार्षिक रुपमा घर र जग्गाको मुल्याङ्कन दर आर्थिक वर्ष सुरुहुनु अगावै सार्वजनिक गर्दछ। सो दर राजस्व परामर्श समितिले निर्धारण गरी आवश्यक सुझाव सहित  सिफारिस गरिएको आधारमा नगरसभाले देहाय वमोजिमको दर लगएको आधारमा सम्पति कर असुल गरिनेछ।

**सम्पति मुल्याङ्कनको लागि घर तथा जग्गा तर्फको मुल्याङ्कन दर**

| ईकाइ | दर | घरको ह्रासकट्टी दर प्रति वर्ष | कैफियत |
|---|---|---|---|
| भित्र काँचो बाहिर पाको इट्टा माटोका जोडाई भएको वा काठैकाठबाट बनेको र जुता झिंगटी टायल एसवेस्टसको छाना भएको घरको मुल्य प्रति वर्गफिट | **५००.** | ६% | सम्पतिकर मुल्याङ्कनको लागि जग्गा अधिकतम जति भएतापनी मुल्याङ्कनमा समावेश हुने १२ आना सम्मको जग्गामा ३५% छुट गरि वाँकी रहने जग्गामा पुरै मुल्याङ्कन कायम गर्ने। |
| भित्र बाहिर पाको इट्टा वा ढुङ्गामा माटोको जोडाई भई भित्रबाहिर सिमेन्ट प्लाष्टर गरी छाना ढलानRCC/RBC गरिएकोवा जस्ता टायल झिंगटी एसवेस्टसको छाना भएको घरको मुल्य प्रति वर्ग फिट | **६००.** | ६% | |
| भित्र बाहिर पाको ईटा वा ढुङ्गामा सिमेन्ट प्लाष्टर गरी छानाढलान (आर.सि.सि. वा आर वि.सि.) गरिएको घरको मुल्य प्रति वर्गफिट | **१५००.** | १% | |
| RCCफ्रेमस्ट्रक्चरमा आवासिय भवनमा | **१८००.** | ०.७५% | |
| लिफ्ट/एस्कलेटर जडान भएको घर/स्टील फ्रेम स्ट्रक्चर, फ्रविङट्रस, फाईवर वा यस्तै संरचना भएका घरकोमुल्य प्रतिवर्ग फिट | **२२००.** | ०.७५% | |
| जग्गा तर्फ सम्बन्धित मालपोतकार्यालयको आ.व.०७१/०७२को मुल्यांकन अनुसार नै जग्गाको मुल्यांकन कायम गरी कर निर्धारण गरिनेछ। | | | |

यसरी घर र जग्गाको मुल्याङ्कन निर्धारण भै सकेपश्चात देहायको दरमा कर निर्धारण गरिनेछ।

| दर | लाग्ने कर रु. | |
|---|---|---|
| पहिलो ३० लाखमा | ५००/- | |

| | | |
|---|---|---|
| त्यसपछिको रु २० लाख सम्ममा | ०.१०% ले हुने रकम | |
| त्यसपछिको रु ५० लाख सम्ममा | ०.१५% ले हुने रकम | |
| त्यसपछिको १ करोड सम्ममा | ०.२५% ले हुने रकम | |
| त्यसपछिको वाँकी रकममा | ०.४०% ले हुने रकम | |

- २०७८ आश्विन मसान्त भित्र सम्पतिकर तिर्ने करदाताहरुलाई चालु आ.व को सम्पतिकरमा २५ प्रतिशत छुट र पौष मसान्त भित्र १५ प्रतिशत छुट दिने ।
- आ.व २०७१/७२ भन्दा अगाडी देखि सम्पतिकर तिर्न वाँकी रहेका घरहरुको चालु आ.ब. भित्र सम्पतिकर तिर्दा सो समय अगाडीको जरिवाना मिनाहा गरिनेछ।
- आ.व २०७२/७३ देखि पछाडी आ.ब २०७७/७८ सम्मको जरिवानामा आ.ब. २०७८/७९ को पौष मसान्त भित्र सम्पतिकर तिर्दा कूल जरिवानाको ५०प्रतिशत जरिवाना मिनाहा गरिनेछ।

अनुसूचि-२

अनुसूचि-२

(दफा ३ संग सम्वन्धित)

## मालपोत/ भूमिकर

टोखा नगरपालिका क्षेत्रका जग्गाहरुमा सम्पतिकर निर्धारण गरिएको वाहेकका जग्गाहरुमा तपशिल वमोजिम मालपोत/भूमिकर लगाईनेछ। सम्पतिकर निर्धारण गरिएको जग्गामा मालपोत/भूमिकर लगाईने छैन।

| सि.नं. | जग्गाको नाप | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | प्रति आना | १२.५० | |

अनुसूचि-३

(दफा ४ संग सम्वन्धित)

## वहाल कर

टोखा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा आदि वहालमा दिएकोमा निजको स्व;घोषणा तथा सम्झौतानुसार तपशिल वमोजिमको वहालकर लगाईने छ।

| | | | |
|---|---|---|---|
| वहाल कर | व्यापारिक क्षेत्र/ व्यापारिक घरहरुमा सम्झौता तथा स्व घोषणामा उल्लेख भए अनुसार | ७ प्रतिशत | आ.व २०७७/७८ को वहालकरको हकमा |

| | | | |
|---|---|---|---|
| | आवासिय क्षेत्र/ आवासिय घरहरुमा सम्झौता तथा स्व-घोषणामा उल्लेख भए अनुसार | ५ प्रतिशत | २०७८ पौष मसान्त सम्म् जरिवाना नलिने साथै चालु आ.व को वहालकर २०७८ रर्आश्विन मसान्त भित्र वार्षिक एकमुष्ट तिर्दा २५ प्रतिशत र पौष मसान्तभित्र १५ छुट गरिनेछ। |
| | वैदेशिक अध्ययन गर्न जाने विद्यार्थीहरुको हकमा विश्वविद्यालयको शैक्षिक पत्रानुसार माथि उल्लेखित वहालकरको दरमा ५० प्रतिशत छुट दिईनेछ। | | |

आर्थिक वर्ष २०७७/७८ मा वहालमा वस्ने व्यक्तिलाई घरधनीले वहाल छुट दिएको भनि वहालकरमा छुटको दावी गरेमा वहालमा वस्ने तथा घरधनीको संयुक्त निवेदका आधारमा वहाल कर छुट दिईने।

वहालकरका सम्वन्धमा अन्य कुराहरु कार्यविधिमा उल्लेख भए वमोजिम हुनेछ।

## अनुसूचि-४
(दफा ५ संग सम्वन्धित)

**व्यवसाय कर आ.व. २०७८/७९**

| व्यवसायको नाम | स्वीकृत दर | | | लगानी अनुसार | | | |
|---|---|---|---|---|---|---|---|
| | ग | ख | क | ग | ख | क | |
| चुरोट पसल | २०००.०० | ३०००.०० | ४५००.०० | ७ लाख सम्म | ७ लाख १ देखि २५ लाख सम्म | २५ लाख १ देखि माथि | |
| रक्सी पसल | ३०००.०० | ४५००.०० | ५५००.०० | | | | |
| चुरोट/रक्सी पसल | ४०००.०० | ४५००.०० | ५५००.०० | | | | |
| रेष्टुरेण्ड/क्याफे/ गेष्टहाउस तथा खाजाघरहरुले मदिरा समेत स्वीकृत लिएमा मदिराको थप | १०००.०० | १५००.०० | २०००.०० | | | | |
| ज्वेलरी सप | १०००.०० | २५००.०० | ४०००.०० | | | | |
| भिडियो/ क्यासेट प्लेयर/सि.डी/डिभिडी | १०००.०० | १०००.०० | १०००.०० | | | | |
| निर्माण सामाग्री | ३०००.०० | ४०००.०० | ७०००.०० | | | | |
| विद्युतिय सामाग्री पसल (ईलेक्ट्रोनिक) | १५००.०० | २०००.०० | २५००.०० | | | | |
| विद्युतिय सामाग्री पसल (ईलेक्ट्रिक ) | १०००.०० | १५००.०० | २०००.०० | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| विद्युतिय सामाग्री मर्मत पसल (ईलेक्ट्रिक / ईलेक्ट्रोनिक) | | | १५००.०० | | | | |
| मोवाइल/ घडी/ चस्मा पसल | १०००.०० | १५००.०० | २०००.०० | | | | |
| पेट्रोलियम पदार्थ विक्री वितरण | ५०००.०० | ५०००.०० | ५०००.०० | | | | |
| दैनिक उपभोग्य खाद्य पदार्थ विक्री पसल | ५००.०० | १०००.०० | १५००.०० | | | | |
| डिपार्ट मेन्टल स्टोर | १००००.०० | १५०००.०० | २००००.०० | | | | |
| मिनीमार्ट | ५०००.०० | ७५००.०० | १००००.०० | | | | |
| ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि | | | १५०००.०० | | | | |
| कम्प्लेक्स सेन्टर विजनेस मार्ट | ७५०००.०० | ७५०००.०० | ७५०००.०० | | | | |
| कपडा / फेन्सी पसल | १०००.०० | २०००.०० | ३०००.०० | | | | |
| पान पसल/ तमाखु पसल | ५००.०० | ५००.०० | ५००.०० | | | | |
| माटोको भाडा वेच्ने पसल | ५००.०० | ५००.०० | ५००.०० | | | | |
| कपाल काट्ने पसल | १०००.०० | १५००.०० | २०००.०० | | | | |
| कस्मेटिक पसल | १०००.०० | २०००.०० | ३०००.०० | | | | |
| मुर्ति वनाउने पसल | १०००.०० | १५००.०० | २०००.०० | | | | |
| कपी-चिया/ नास्ता पसल | ५००.०० | १०००.०० | १५००.०० | | | | |
| वेकरी | १०००.०० | १५००.०० | २५००.०० | | | | |
| स्टेशनरी | १०००.०० | १५००.०० | २५००.०० | | | | |
| व्याग पसल | १०००.०० | २०००.०० | ३०००.०० | | | | |
| जुत्ता चपल पसल | १०००.०० | १५००.०० | २०००.०० | | | | |
| हार्डवेयर पसल ( रड/सिमेन्ट/ जस्तापाता/ स्यानेटरी आदि) | ३०००.०० | ४०००.०० | ५०००.०० | ७ लाख सम्म | ७ लाख १ देखि १५ लाख सम्म | १५ लाख १ देखि माथि | |
| एकोरियम पसल | २०००.०० | २०००.०० | २०००.०० | | | | |
| औषधि पसल/ भेटनरी औषधी पसल | १५००.०० | २०००.०० | २५००.०० | | | | |
| सर्जिकल इक्विपमेन्ट पसल | | | ५०००.०० | | | | |
| तरकारी तथा फलफुल पसल | ५००.०० | १०००.०० | १५००.०० | | | | |
| दुध / दही विक्री पसल | ५००.०० | १०००.०० | १५००.०० | | | | |
| धागो टाँक पसल | ५००.०० | ५००.०० | ५००.०० | | | | |
| रिकन्डीसन सवारी साधन विक्री पसल | ५०००.०० | १००००.०० | १५०००.०० | | | | |
| मिठाई पसल | १०००.०० | २०००.०० | ३०००.०० | | | | |
| ग्यास डिपो/ डिस्ट्रिव्यूटर | १०००.०० | २५००.०० | ४०००.०० | | | | |
| रोडा ढुगां / ईटाँ सप्लायर्स | ३०००.०० | ५०००.०० | ८०००.०० | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मार्वल गोदाम | ३०००.०० | ५०००.०० | ८५००.०० | | | | |
| टायल गोदाम | २०००.०० | ३५००.०० | ५५००.०० | | | | |
| काठ गोदाम | ३०००.०० | ५०००.०० | ८५००.०० | | | | |
| नर्सरी | ५००.०० | १०००.०० | १५००.०० | | | | |
| गाई / वाख्रा/ कुखुरा फर्म | ५००.०० | १०००.०० | १०००.०० | | | | |
| ह्याचरी | १००००.०० | १००००.०० | १००००.०० | | | | |
| तारे होटल | ३५०००.०० | | | ७ लाख सम्म | ७ लाख १ देखि १५ लाख सम्म | १५ लाख १ देखि माथि | |
| रेष्टुरेण्ड/क्याफे | २०००.०० | ३०००.०० | ४०००.०० | | | | |
| गेष्ट हाउस | ४५००.०० | ७५००.०० | १००००.०० | | | | |
| फेसन / मोडलिङ्ग / डान्स सेन्टर/ आर्ट सिकाई केन्द्र | | | २०००.०० | | | | |
| फेसन डिजाईन | | | २०००.०० | | | | |
| वुटिक | | | २५००.०० | | | | |
| रंग पसल | २०००.०० | ४०००.०० | ७५००.०० | | | | |
| कलर ल्याव/ फोटो स्टुडियो | १०००.०० | २०००.०० | ३०००.०० | | | | |
| ग्रिल/आल्मुनियम/ सिसा पसल/ ट्रस | १५००.०० | ५०००.०० | १००००.०० | | | | |
| गलैचा उद्योग | ५०००.०० | ५०००.०० | ५०००.०० | | | | |
| डिपवोरिङ्ग गरि खानेपानी विक्री | १००००.०० | १५०००.०० | २००००.०० | ७ लाख सम्म | ७ लाख १ देखि १५ लाख सम्म | १५ लाख १ देखि माथि | |
| वाईक/ मोटर पार्ट पसल | २०००.०० | ३०००.०० | ४०००.०० | | | | |
| वाईक तथा मोटर वासिङ्ग मात्र | | | १५००.०० | | | | |
| मोटर साईकल भाडा व्यवसाय | | | १५००.०० | | | | |
| गाडी भाडा व्यवसाय | | | ३०००.०० | | | | |
| पिस्ने / कुटने उद्योग | १०००.०० | २०००.०० | ३०००.०० | | | | |
| कवाडी | १००००.०० | १५०००.०० | २००००.०० | | | | |
| जुत्ता चपल कारखाना | २०००.०० | ५०००.०० | १००००.०० | | | | |
| फलामे औजार (आरन) | ५००.०० | | | | | | |
| ड्राईभिङ्ग स्कुल | ५०००.०० | ५०००.०० | ५०००.०० | | | | |
| पाटी प्यालेस | १००००.०० | १५०००.०० | २००००.०० | ७ लाख सम्म | ७ लाख १ देखि १५ लाख सम्म | १५ लाख १ देखि माथि | |
| फुटसल | २०००.०० | २५००.०० | ३०००.०० | | | | |
| हेल्थ क्लव/ व्यायम शाला | ६५००.०० | ७५००.०० | १००००.०० | | | | |
| स्विमिङग पुल | १०००.०० | १५००.०० | २०००.०० | | | | |
| नृत्य प्रशिक्षण केन्द्र | ५००.०० | १०००.०० | १५००.०० | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्याटरिङ्ग/ टेण्ड हाउस | ५०००.०० | १००००.०० | १५०००.०० | | | | |
| व्याग उद्योग | २०००.०० | ३५००.०० | ४०००.०० | | | | |
| सुर्तीजन्य उद्योग | ५०००.०० | १००००.०० | १५०००.०० | | | | |
| गारमेन्ट कारखाना | ५०००.०० | ६५००.०० | ७५००.०० | | | | |
| पर्दा / कार्पेट | १५००.०० | २०००.०० | २५००.०० | | | | |
| चिकित्सक/कविराज/ईन्जियर/दन्त चिकित्सक/अनुसन्धान तथा परामर्शदाता/ज्योतिष सेवा/कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर/सर्भेयर/अनुवादक/पशुचिकित्सक/वीमा एजेन्ट/ लेखापढी व्यावसायी/ कानुन व्यावसायी/ कन्सल्टेन्ट | १०००.०० | १०००.०० | १०००.०० | | | | |
| सेयर व्रोकर/ धितोपत्र कारोवार | ५०००.०० | ५०००.०० | ५०००.०० | | | | |
| सामान ढुवानी कर्ता तथा कम्पनी | ३०००.०० | ४०००.०० | ५०००.०० | | | | |
| संस्थागत पेन्टर | ५०००.०० | ५०००.०० | ५०००.०० | | | | |
| नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसाय | ७५००.०० | १००००.०० | १५०००.०० | | | | |
| नगरपालिकामा शाखा कार्यालय भएका निर्माण व्यावसाय | ३०००.०० | ५०००.०० | ८०००.०० | | | | |
| टोखा नगरपालिकामा दर्ता भएका घ वर्गका निर्माण व्यावसायीको हकमा व्यावसाय शुल्क | २०००.०० | | | | | | |
| गिट्टी वालुवा/ ईट्टा डिपो | ५०००.०० | | | | | | |
| कोरा मोल वा अर्ध प्रशोधित मालसामान प्रशोधनगरी उत्पादन गर्ने व्यावसाय | ५०००.०० | ६५००.०० | ८५००.०० | | | | |
| आईसक्रिम उद्योग/ डेरी उद्योग/विस्कुट उद्योग/ चाकु उद्योग | २५००.०० | ३५००.०० | ५०००.०० | | | | |
| डिस्टीलरी उद्योग | १००००.०० | १५०००.०० | २००००.०० | | | | |
| खाद्यान्न सामाग्री उद्योग | २०००.०० | २०००.०० | २०००.०० | | | | |
| स: मिल | ५०००.०० | १००००.०० | १५०००.०० | | | | |
| फर्निचर उद्योग | २०००.०० | ४०००.०० | १००००.०० | | | | |
| खाद्यान्न  मिल | ५००.०० | १०००.०० | १५००.०० | | | | |
| नेपाली कागज उद्योग | १०००.०० | | | | | | |
| प्लाष्टिक उद्योग | १००००.०० | १५०००.०० | २००००.०० | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| एसटीडि आईएसटिडी/ ईमेल/ ईन्टरनेट / साईवर | ५००.०० | १०००.०० | १५००.०० | | | | |
| ढक तराजु पसल | ५००.०० | | | | | | |
| पुजा सामाग्री पसल | ५००.०० | | | | | | |
| सरसफाई सेवा व्यवसाय | ५०००.०० | १००००.०० | १५०००.०० | ५०० सम्म | ५०१ देखि १००० सम्म | १००१ देखि माथि | ग्राहक संख्याको आधारमा |
| उर्जा मूलक उद्योग | १५००.०० | २०००.०० | २५००.०० | ७ लाख सम्म | ७ लाख १ देखि २५ लाख सम्म | २५ लाख १ देखि माथि | |
| कृषि तथा वनजन्य उद्योग | १५००.०० | २०००.०० | २५००.०० | | | | |
| खनिज उद्योग | १५००.०० | २०००.०० | २५००.०० | | | | |
| ट्राभल/ टुर/ ट्रेकिङ्ग | २५००.०० | ५०००.०० | १००००.०० | | | | |
| छापाखाना/ प्रकाशन | ३०००.०० | ५०००.०० | ७०००.०० | | | | |
| सार्वजनिक परिवहन/ कम्पनी | ५०००.०० | १००००.०० | १५०००.०० | ७ लाख सम्म | ७ लाख १ देखि २५ लाख सम्म | २५ लाख १ देखि माथि | |
| प्रयोगशाला | ३०००.०० | ३०००.०० | ३०००.०० | | | | |
| हवाई सेवा | ३०००.०० | ५०००.०० | १००००.०० | | | | |
| शितभण्डार/ गोदाम घर | १०००.०० | १५००.०० | २०००.०० | | | | |
| होस्टल | २०००.०० | ३०००.०० | ५०००.०० | | | | |
| कुरियर | १०००.०० | २०००.०० | ३०००.०० | | | | |
| **वितिय संस्था प्रतिशाखा** | | | | | | | |
| वैक | १००००.०० | १५०००.०० | २००००.०० | | | | |
| सहकारी शुरु दर्ता शुल्क | | | १००००.०० | | | | |
| सहकारी | २०००.०० | ५०००.०० | १००००.०० | महिला तथा कृषि सहकारीलाई ५०% छुट दिईनेछ। | | | |
| फाईनान्स | ५०००.०० | १००००.०० | १५०००.०० | | | | |
| सहकारी वैक | ५०००.०० | ५०००.०० | ५०००.०० | | | | |
| विमा कम्पनी | ५०००.०० | | १००००.०० | निर्जिवन | | जिवन | |
| रेमिटेन्स सेवा/ विदेशी मुद्रा सटही सेवा | १०००.०० | | | | | | |
| लघु वित्त | १०००.०० | | | | | | |
| **स्वास्थ्य सेवा** | | | | | | | |
| गैह्र सरकारी अस्पताल | १००००.०० | १५०००.०० | २५०००.०० | १५ वेड सम्म | ४० वेड सम्म | ४० वेड भन्दा माथि | |
| नर्सिङ्ग होम | १००००.०० | १५०००.०० | २००००.०० | १५ वेड सम्म | ४० वेड सम्म | ४० वेड भन्दा माथि | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्लिनीक तथा ल्याव/ डेन्टल | २०००.०० | ३०००.०० | ५०००.०० | | | | |
| डेन्टल अस्पाताल | | | १५०००.०० | | | | |
| भेटनरी क्लिनिक | | | २५००.०० | | | | |
| अकुपंचर सेवा | | | १५००.०० | | | | |
| **शिक्षा सेवा** | | | | | | | |
| नीजि क्षेत्रका क्याम्पस तथा विश्वविद्यालय | | | २५०००.०० | | | | |
| तालिम तथा अनुसन्धान केन्द्र | ७५००.०० | | | | | | |
| शिशु स्याहार केन्द्र | ५००.०० | ५००.०० | ५००.०० | | | | |
| कम्प्यूटर तथा भाषा प्रशिक्षण केन्द्र | ३५००.०० | ५०००.०० | १००००.०० | ७ लाख सम्म | ७ लाख १ देखि १५ लाख सम्म | १५ लाख १ देखि माथि | |
| **मर्मत सम्हार सेवा** | | | | | | | |
| हेभी ईक्विपमेण्ट / वस/ ट्रक/ कार | ३५००.०० | ६५००.०० | १००००.०० | | | | |
| मोटर साईकल | १५००.०० | २०००.०० | २५००.०० | | | | |
| साईकल | ५००.०० | ५००.०० | ५००.०० | | | | |
| लेथ मेसिन | ५००.०० | १०००.०० | १५००.०० | | | | |
| रेडियो/ टिभी/घडी/प्रेशरकुकर/ हिटर/ टेलिफोन सेट/ म्युजिकल | ५००.०० | १०००.०० | १५००.०० | | | | |
| विज्ञापन सेवा एजेन्सी | १०००.०० | १५००.०० | २०००.०० | | | | |
| वैदेशिक रोजगार कम्पनी | १५०००.०० | | ५० % छुट | | | | |
| स्वदेशी रोजगार/ सेक्रेटरियल सेवा | २०००.०० | २५००.०० | ३०००.०० | | | | |
| Kennel & Animal Breeding | १०००.०० | १०००.०० | १०००.०० | | | | |
| घरपालुवा कुकुर दर्ता प्रति कुकुर | | | २००.०० | | | | |
| रियल स्टेट तथा घरजग्गा खरिद विक्री | ५०००.०० | १००००.०० | १५०००.०० | | | | |
| हाउजिङ कम्पनी | १५०००.०० | २००००.०० | २५०००.०० | | | | |
| व्यूटिपार्लर | १०००.०० | १५००.०० | २०००.०० | | | | |
| ड्राईक्लिनर | १०००.०० | २०००.०० | ३०००.०० | | | | |
| सटिङ्ग/ सुटिङ्ग / टेलरिङ्ग | १०००.०० | ३०००.०० | ५०००.०० | | | | |
| पेन्टिङ्ग / ग्लोसाईन वोड पसल | १०००.०० | १५००.०० | २०००.०० | | | | |
| पशु वधशाला | १५००.०० | २५००.०० | ३५००.०० | | | | |
| मासु विक्री पसल | १०००.०० | १५००.०० | २०००.०० | | | | |
| फुल तथा विरुवा विक्री पसल | ५००.०० | १०००.०० | १५००.०० | | | | |
| पुल हाउस | २०००.०० | २५००.०० | ३०००.०० | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्ल्याईउड विक्रेता पसल | २५००.०० | ४०००.०० | ८०००.०० | | | | |
| किचेन वयर / भाडा पसल | १०००.०० | २०००.०० | ३०००.०० | | | | |
| ह्याण्डीक्राफ्ट  कारखाना | २०००.०० | ३०००.०० | ५०००.०० | | | | |
| ईनार/टुवेल खन्ने कार्यालय | १०००.०० | २०००.०० | ३०००.०० | | | | |
| फर्निचर विक्रेता पसल | २०००.०० | ३०००.०० | ५०००.०० | | | | |
| चाकु/ गुदपाक उत्पादन तथा निर्माण | ५००.०० | ५००.०० | ५००.०० | | | | |
| खेलौना/उपहार विक्रेता | ५००.०० | १०००.०० | १५००.०० | | | | |
| केवुल नेर्टवर्क (ग्राहक संख्याको आधारमा) | २०००.०० | ३५००.०० | ५०००.०० | ५ हजार सम्म | १० हजार सम्म | १० हजार माथि | |
| क्यासिनो | १०००००.०० | १०००००.०० | १०००००.०० | | | | |
| टुर अपरेटर | ५०००.०० | १००००.०० | १५०००.०० | ७ लाख सम्म | ७ लाख १ देखि १५ लाख सम्म | १५ लाख १ देखि माथि | |
| मसाज पार्लर | ५०००.०० | १००००.०० | १५०००.०० | | | | |
| **अस्थायी हाटवजार वा घुम्ती पसल** | | | | | | | |
| घुम्ती मोवाईल पसल | | | ५.०० | | | | |
| चौपाया | | | ५.०० | | | | |
| हाँस/ कुखुरा प्रतिगोटा | | | १.०० | | | | |
| सागसव्जी र फलफुल पसल प्रतिमुठा/के.जी | | | ०.५० | | | | |
| अन्यको हकमा | | | १.०० | | | | |
| सवै प्रकारका व्यसायको प्रमाणपत्र प्रतिलिपी | | | २०० | | | | |
| मदिरा आयात कर्ता | १५०००.०० | | | | | | |
| सुर्तीजन्य पदार्थ आयातकर्ता/ डिलर तथा मदिरा डिलर | १००००.०० | | | | | | |
| अय सवै किशिमका कम्पनी संस्था आयात निर्यात | ५०००.०० | | | | | | |
| पुजा सामाग्री पसल धातुका वस्तु समेत विक्री हुने | १०००.०० | | | | | | |
| प्लेटेड गहना (थोक पसल) | १०००.०० | | | | | | |
| कम्प्यूटर,मोवाईल,घडी,फ्रिज,फोटोकपी,वासिग मेसिन जस्ता ईलेक्ट्रोनिकल सामान विक्री पसल व्रान्डेड सोरुम | ५०००.०० | | | | | | |
| किराना पसल थोक | १५००.०० | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| खाद्यान्न थोक विक्री | १०००.०० | | | | | | |
| स्टील रड, एङगल,पाईप,पत्ता,सिमेन्ट,जस्ता जस्ता हार्डवेयर पसल तथा प्लाईउड, ताला, छेस्किन,चुकुल,जाली,किलाकाँटा, रंगरोगन, एल्म्यूनियम, प्लास्टिकका सवैखाले ( Building Materials) | २०००.०० | | | | | | |
| निमार्ण सामाग्री ( ईट्टा,वालुवा,रोडा,) विक्री सम्पर्क कार्यालय | ३०००.०० | | | | | | |
| आस्फाल्ट प्लान्ट,ह्युम पाईप उद्योग,सिमेन्ट रेडिमिक्स प्लान्ट, वालुवा वासिङ | ५०००.०० | | | | | | |
| कंक्रिट उद्योग ( व्लक,रिङ वनाउने) | ३०००.०० | | | | | | |
| मोटरसाईकल विक्री सो रुम | २००००.०० | | | | | | |
| चारपाङ्ग्रे विक्री सो रुम | ३००००.०० | | | | | | |
| झ्याल ढोका कार्भिङ उद्योग | ३०००.०० | | | | | | |
| चलचित्र प्रदर्शनी घर/ चलचित्र निर्माण व्यावसाय | ५०००.०० | | | | | | |
| लाईटगाडी ड्राईभिङग सेन्टर | ५०००.०० | | | | | | |
| हेबी गाडी ड्राईभिङग सेन्टर | ७५००.०० | | | | | | |
| एफ.एमस्टेशन | १०००.०० | | | | | | |
| राष्ट्रिय पत्रपत्रिका/ टेलिभिजन | ५०००.०० | | | | | | |
| स्थानीय पत्रपत्रिका/ अनलाईन खवर | १०००.०० | | | | | | |
| मोटरसाईकल कम्पनीको आधिकारीक मर्मत तथा सर्भिसिङ सेन्टर | ५०००.०० | | | | | | |
| स्पा/ज्याकुजी/ सौनावाथ | २०००.०० | | | | | | |
| टाटु | २०००.०० | | | | | | |
| स्वीमिङपुल सहितको हेल्थक्लव | ५०००.०० | | | | | | |
| हेल्थक्लव तथा व्यामशाला, एरोविक सेन्टर | ३०००.०० | | | | | | |
| अनलाईन सपिङ्ग | २०००.०० | | | | | | |
| घरेलु उद्योग | १०००.०० | | | | | | |
| कागज वा प्लाष्टिकको प्लेट/ थाल निर्माण | १०००.०० | | | | | | |
| सिसा चिलिम उद्योग | ५०००.०० | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| दाना उद्योग | ३०००.०० | | | | | | |
| रिसोट | ३०००.०० | | | | | | |
| एक वा एक भन्दा वढी विभिन्न प्रकृतिका वस्तु तथा सेवा विक्रीवितरण गर्ने ( ईन्टरप्राईजेज) | २०००. | ३०००. | ५०००. | | | | |
| योग तथा ध्यान केन्द्र | निःशुल्क | | | | | | |
| माथि तोकिएको हकमा सोहि वमोजिम , नतोकिएको हकमा | १०००.०० | ३०००.०० | ५०००.०० | ७ लाख सम्म | ७ लाख १ देखि १५ लाख सम्म | १५ लाख १ देखि माथि | |
| घरेलु उद्योगको रुपमा संचालित उद्योगहरुलाई तोकिएको दरमा ५० प्रतिशत छुट। | | | | | | | |

- कोभिड-१९ को प्रभावलाई मध्यनजर गर्दै माथि उल्लेखित सेवा व्यावसायहरुमा माथि तोकिएकाको हकमा तोकिए वमोजिम र नतोकिएकाको हकमा आर्थिक वर्षको **पहिलो ३ महिना भित्र** व्यावसाय कर तथा वार्षिक शुल्क तिर्ने व्यावसायहरुलाई उल्लेखित दरमा २५ प्रतिशत र सो पश्चातको अर्को तिन महिना ( पौष मसान्त सम्म) को लागि १५ प्रतिशत छुट दिने ।
- व्यावसाय वार्षिक शुल्क तिरी नविकरण भए पश्चात नामसारी भै आएमा सम्वन्धित दरको २० प्रतिशत मात्र सेवा शुल्क लिई व्यावसाय नामसारी गर्ने।
- व्यावसाय वार्षिक शुल्क तिरी नविकरण भए पश्चात ठाउँसारी भै आएमा सम्वन्धित दरको २० प्रतिशत मात्र सेवा शुल्क लिई व्यावसाय ठाउँसारी गर्ने।

## अनुसूचि-५
(दफा ६ संग सम्वन्धित)

**<u>जडिवुटी, कवाडी र जिवजन्तु कर</u>**

| | | |
|---|---|---|
| हाड प्रति के.जी | १ | |
| सिंङ प्रति के.जी | २ | |
| खुर प्रति के.जी | २ | |
| छाला ठुलो प्रति गोटा | ३० | |
| छाला सानो प्रति गोटा | १५ | |
| फलामको टुक्रा प्रति के.जी | २ | |
| पत्रिका प्रति के.जी | ०.२ | |
| कागज प्रति के.जी | ०.१ | |
| वोतल सिसाको प्रति गोटा | ०.५ | |
| वोतल सानो सिसाको प्रति गोटा | २५ पैसा देखि ५० पैसा सम्म | |
| प्लाष्टिक प्रति के.जी | ०.१ | |

## अनुसूचि-६
(दफा ७ संग सम्वन्धित)

## सवारी साधन कर

| | | |
|---|---|---|
| टाङ्गा रिक्सा | १२५ | |
| टाङ्गा रिक्सा/ ठेला नविकरण | ५० | |
| रिक्सा / ठेला | १२५ | |
| अटो रिक्सा दर्ता नविकरण | ५०० | |

अनुसूचि-७
(दफा ८ संग सम्वन्धित)

## विज्ञापन कर

| | | |
|---|---|---|
| फ्लेक्सबाट तयार गरेको बिज्ञापनप्रचार सामग्री प्रति वर्गफुट | १०० | |
| होडिङ्ग बोर्ड, नियोयन साइन,ग्लो साइन र यस्तै बिज्ञापन प्रचार सामग्री प्रति वर्गफुट | २०० | |
| डिजिटल बोर्ड प्रति वर्ग फुट | ३०० | |
| मालबहाक सवारी साधनको दायाँबायाँ भागमा अधिकतम १० स्क्वायर फुट सम्मको लागी प्रतिदिन रु २०० र स्थायी रुपमालेखिएको वा छापिएको प्रचार समाग्री प्रति वर्गफुट रु १०० | | |
| खेलकुद मैदान मेला जात्रा पर्व र यस्तै प्रकृतिका कार्यक्रममा प्रयोग हुने बिज्ञापन सामग्रीको अधिकतम १५ दिन र २०स्क्वायर फुट प्रतिदिन | ३०० | |
| सवारी साधनको छत अधिकतम ३ फुटउचाइ मात्र २ पांग्रा बीचको भाग, पछाडीको सीसाको भाग मध्ये अधिकतम ५० प्रतिशतसम्म मात्र मुख्य इयालको माथि पट्टी भ्यान्टिलेसनमा बिज्ञापन प्रचार सामग्री प्रति स्क्वायर फुट | १०० | |
| आकाशमा बेलुन ज्याकेटमा वा बेलुन बोकेर गरिने बिज्ञापन प्रतिदिन | २०० | |
| अन्यको हकमा प्रतिवर्ग फुट | ३०० | |
| माथीको वर्गिकरणमा समावेश नभएकासेवा ब्यवसायको कारोबार र स्तर हेरी बार्षिक | ५०० देखी १०००० सम्म | |
| नोट - ब्यवसाय परिचयको लागी बढिमा ४*५ बरावर २०स्क्वायर फुट बरावरको १ थान बोर्ड ब्यवसायीले आफ्नो ब्यवसाय रहेको भित्तापर्खालमा राख्न पाइनेछ। | | |

अनुसूचि-८
(दफा ९ संग सम्वन्धित)

## मनोरञ्जन तथा दहत्तर वहत्तर कर

### आ.ब. २०७८/७९ को मनोरञ्जन करदर

| सि.नं. | विवरण | करको दर |
|---|---|---|
| १ | चलचित्र घरमा चलचित्र प्रदर्शन गर्दा दर्शकहरुवाट प्रति टिकट | ५% |
| २ | भिडियो घर, सास्कृतिक प्रदर्शन हल कन्सर्ट, थियटर/ नाटकघर, फनपार्क, वाटर गार्डेन, वालउद्यान, दोहरी साँझ,डाँन्सवार, क्यासिनो, फूट्सल, जुम्वा लगायतमा प्रति टिकट विल | ५% |
| ३ | तीन महिनासम्म जादू सर्कस मेला सञ्चालन गराए बापत प्रतिदिन रु. | १०० |
| ४ | तीन महिना भन्दा बढी जादू सर्कस मेला वा मनोरञ्जन प्रदायक कार्यक्रम संञ्चालन गराए बापत मासिक रु. | ५००० |
| ५ | प्याराग्याईडिङ प्रति उडान दर | २०० |

### आ.व २०७८/७९ को लागि ढुगाँ, गिटी, बालुवा,(दहत्तर बहत्तर) शुल्क

| **सि.नं.** | **विवरण** | **ईकाई** | **दर रु.** |
|---|---|---|---|
| १ | माटो ( स्वीकृत खानी क्षेत्र वाहेकमा ) | प्रति घन फिट | २.५० |
| २ | ढुगाँ, चुनाढुगाँ, खरिढुगाँ, गिट्टी, ग्राभेल, रोडा, बालुवा ( स्वीकृत खानी क्षेत्र वाहेकमा ) | प्रति घन फिट | ९ |
| ३ | स्लेट ( स्वीकृत खानी क्षेत्र वाहेकमा ) | प्रति वर्ग फिट | ९ |
| ४ | दहत्तर वहत्तर सामाग्रीको बिक्री मूल्यमा दश प्रतिशत शुल्क लाग्नेछ। | | |
| ५ | सि.नं. १ को माटो घाटगद्धी एवं बिक्री ( स्वीकृत खानी क्षेत्र वाहेकमा ) को शुल्क रु २.५० प्रति क्यूफिट दर तोकिएकोमा धेरै मात्रामा माटो प्रयोग हुने उद्योग (ईट्टा उद्योग)हरुलाई उद्योगको क्षमताको आधारमा | प्रति घन फिट | २ |
| ६ | व्यक्तिको निजी जग्गावाट माटो विक्री गर्दा जग्गाधनीले नै कति घनफिट माटो बिक्री गर्ने हो यकिन गरि नगरपालिकामा निवेदन दिनु पर्नेछ । सो सम्वन्धमा नगरकार्यपालिकाले निर्णय गरि वार्षिक रुपमा एकमुष्ट शुल्क निर्धारण गरिनेछ । | | |
| | सोको लागि साँधसिमाना पर्ने जग्गाहरुको लिखित स्वीकृत भएको, माटो उत्खन्नवाट प्राकृतिक श्रोतको दुरुपयोग, भौगोलिक संरचना, मानवीय वासस्थान, सार्वजनिक तथा व्यक्तिगत भवन लगायतको संरचना आदिमा कुनै किसिमको असर नपर्ने हुनु पर्नेछ । | | |

अनुसूचि-९

(दफा १० संग सम्वन्धित)

## वहाल विटौरी शुल्क

| सि.नं. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| १ | नगरपालिकले निर्माण गरी रेखदेख र संरक्षण गरेको हाट बजार वा छप्पर पसल कवल प्रति महिना रु. | ४००/- | |
| २ | सटर रहेको पसल कवलहरुमा ब्यावसायिक क्षेत्रको प्रति सटर न्यूनतम रु | ५०००/- | |
| ३ | सटर रहेको पसल कवलहरुमा आवासीय क्षेत्रको प्रति सटर न्यूनतम रु | २५००/- | |

अनुसूचि-१०

(दफा ११ संग सम्वन्धित)

## पार्किङ्ग शुल्क

पार्किङ्ग शुल्क सम्वन्धी व्यवस्था आवश्यकता अनुसार नगर कार्यपालिकाले निर्धारण गरेवमोजिम हुनेछ।

अनुसूचि-११

(दफा १२ संग सम्वन्धित)

## ट्रेकिङ्ग, क्यानोइङ्ग

ट्रेकिङ्ग तथा क्यानोइङ्ग शुल्क सम्वन्धी व्यवस्था आवश्यकता अनुसार नगर कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ।

अनुसूचि-१२

(दफा १३ संग सम्वन्धित)

## सेवा शुल्क

| सेवा शुल्क | | | रु | |
|---|---|---|---|---|
| १ | सिफारिस | साधरण सिफारिस | २०० | |
| | | बिद्युत सिफारिस | ५०० | |
| | | धारा सिफारिस (होल परिवर्तन) | ५०० | |
| | | ढल जडान | १०००० | |
| | | धारा जडान | ३००० | |
| २ | चारकिल्ला | प्रति सिफारिस | १००० | |
| | | माथि उल्लेखित चार किल्ला सिफारिसमा ६ अना माथि प्रति आना रु १००/- ले थप शुल्क लाग्नेछ। | | |
| ३ | घर नक्सापास तर्फ | आवासिय टहरो प्रति वर्ग फुट १-१००० सम्म सम्म प्रति वर्गफूट | ५ | |
| | | आवासिय टहरो प्रति वर्ग फुट १००१-३००० सम्म प्रति वर्गफूट | १० | |
| | | ब्यापारीक/ब्यवसायिक टहरो १-१००० वर्गफूट सम्म प्रति वर्गफूट | १० | |
| | | ब्यापारीक/ब्यवसायिक टहरो १००१-३००० वर्गफूट भन्दा माथि सम्म प्रति वर्गफूट | १५ | |
| | | टहरा- वाल, जस्ता वाँस लगायतका संरचना वरिपरी वारेको र टिनको एक तल्लाधुरी भएको। | | |

| | | | | |
|---|---|---|---|---|
| | | सांस्कृतिक सम्पदा झल्कने घर निर्माण प्रति वर्गफूट | ५ | |
| | | आवासिय घर १-३००० वर्ग फूटसम्म सम्म प्रति वर्गफूट | १० | |
| | | आवासिय घर ३००१-५००० प्रतिवर्ग फूटसम्म सम्म प्रति वर्गफूट | १५ | |
| | | आवासिय घर ५००१- माथी प्रति वर्गफूट सम्म प्रति वर्गफूट | २० | |
| | | ब्यापारिक घर १-३००० वर्ग फूटसम्म सम्म प्रति वर्गफूट | १५ | |
| | | ब्यापारिक घर ३००१-५००० वर्ग फूटसम्म प्रति वर्गफूट | २० | |
| | | व्यापारिक ५००१ देखि १०००० सम्म वर्गफुट भएका घरहरु प्रति वर्गफूट | ३५ | |
| | | व्यापारिक १०००१ देखि माथिमा वर्गफुट भएका घरहरु प्रतिवर्गफूट सम्म प्रति वर्गफूट | ४५ | |
| | | Steel Frame Structure को लागि पनि माथि उल्लेखित RCC Frame Structure कै दररेट कायम हुनेछ । | | |
| | | स्वीकृत लिई तल्ला थपघट र संशोधन दस्तुर प्रति वर्ग फुट माथि उल्लेखित दरमा स्वीकृत नक्साको पुरानो व.फुमा थप प्रति वर्गफूट | २ | |
| | | अस्थायी स्वीकृत नलिई स्थायी स्वीकृत लिन आएमा माथि उल्लेखित दरमा थप प्रतिवर्गफूट | ३ | |
| | | स्वीकृत नलिइ घर निर्माण गरी नक्सा नियमित, तल्ला थप गरेको तथा संशोधन दस्तुर माथि उल्लेखित दरमा थप प्रति वर्ग फुट | ६ | |
| | | (स्वीकृत नलिई निर्माण गरेका घर मापदण्ड भित्र रहेमा नक्सा अभिलेखिकरण तथा जरिवाना) | | |
| | | १. १००० वर्गफूट भित्र तल्ला थप / वनेको घर माथि उल्लेखित दस्तुर र थप | ५००० | |
| | | २. १००१ वर्गफूट भन्दा माथिका तल्ला थप/ वनेका घरको माथि उल्लेखित दस्तुर र थप | १०००० | |
| | | ३. भवन अभिलेखिकरण नक्सा स्वीकृत नलिई घर निर्माण, तल्ला थप घट र संशोधनमा स्वीकृत नक्साको पुरानो वर्गफुटमा थप प्रति वर्गफूट | ६ | |
| | | ब्यवसायिक/ अपार्टमेन्टको प्रतिनक्सा प्राबिधिक शुल्क (सूचिकृत नभएकाकोहकमा) | ४५०० | |
| | | आवासिय प्रतिनक्सा प्राबिधिक शुल्क (सूचिकृत नभएकाकोहकमा) | २००० | |
| | | नक्सा नामसारी प्रतिवर्ग फुट | ५ | |
| | | एकव्यक्तिवाट अर्को व्यक्तिमा नक्सानामसारी नभई तेश्रो/चौथो व्यक्तिको नाममा नक्सानामसारीको लागि आएमा प्रति वर्गफुट | ८ | |
| | | एकाघर परिवार भित्र / संयुक्त रुपमा रहेको घर/भवनको ज.ध पुर्जामा हकहिस्सा एक पक्षले छोड्दा/ नयाँ ज.ध थपिदाँ नक्सा नामसारी प्रति वर्गफूट | २ | |
| | | पुरानो नक्सापास नभई निर्माण भएको घर खरिद बिक्रीमा थप | ५००० | |
| | | स्यायी निर्माण अनुमति लिई स्वीकृत नक्सा २ देखि ३५ दिन सम्म नबिकरण दस्तुर प्रति वर्ग फुट | २ | |

| | | | | |
|---|---|---|---|---|
| | | स्थायी निर्माण अनुमति लिई स्वीकृत नक्सा २ देखि ३५ दिन देखि ४ वर्ष सम्म  नबिकरण दस्तुर प्रति वर्ग फुट | ३ | |
| | | स्थायी निर्माण अनुमति लिई स्वीकृत नक्सा निर्माण सम्पन्न् (४ वर्ष कटेको ) म्याद सकिएको  प्रतिवर्गफूट | ५ | |
| | | स्वीकृत नक्सामा पछि  कि.न/ क्षे.फ फरक भई नक्सा संशोधन हुन आएमा  प्रतिवर्गफूट | १ | |
| | | वाल कम्पाउण्ड निर्माण दस्तुर जग्गाको प्रति वर्गमिटर | १५ | |
| | | भवन निर्माण सम्मपन्न प्रमाणपत्र ३००० वर्गफूट सम्मका घरहरु | २००० | |
| | | भवन निर्माण सम्पन्न प्रमाणपत्र ३००१ देखि ५००० भन्दा कम वर्गफुट भएका घरहरु | ३००० | |
| | | भवन निर्माण सम्पन्न् प्रमाणपत्र ५००१ वर्गफुट भन्दा माथिका घरहरु | ६००० | |
| | | ईन्जिनियर कार्यको लागि सूचिकृत | १५००० | |
| | | ईन्जिनियर कार्यको सूचिकृत नविकरण | ५००० | |
| | | स्वीमिङ्ग पुल प्रतिवर्ग मिटर | १५ | |
| | | नक्सापास प्रतिलिपी प्रमाणित प्रति नक्सा | २५०० | |
| | | साविकमा न.पा तथा गा.वि.सवाट स्वीकृत भई निर्माण भएको घरको फिल्ड निरिक्षण गर्दा भवन मापदण्ड भित्र पर्ने गरी ३०० व.फि सम्मको क्षेत्रफल संशोधन भएमा संशोधित भागको मात्र क्षेत्रफल एकिन गरी थप व.फिको मात्र माथि उल्लेखित व्यहोराको राजस्व लिई नयाँ नक्सा जारी नगरी स्वीकृत नक्सामा थपको विवरण खुलाई निमार्ण सम्पन्न् प्रमाणपत्र जारी गर्ने | | |
| | | सटर राखी निर्माण भएका वा व्यावसायीक प्रयोजनका लागि निर्माण हुने भवनहरुलाई व्यापारिक भवनको दररेट कायम हुनेछ। | | |
| | | संयुक्त जग्गामा वनेका दुई वा दुई भन्दा वढी घरहरुको फरक फरक घर अनुसार वर्गफूट कार्य हुनेछ। | | |
| ४ | बसोबास सिफारिस | स्थायी | २०० | |
| | | अस्थायी | ४०० | |
| ५ | कोठा खोल्ने | प्रति सर्जमिन | १००० | |
| ६ | उद्योग दर्ता सिफारिस | स्थलगत सर्जमिन | २००० | |
| | | सिफारिस | ५०० | |
| ७ | अन्य कार्यालयको सर्जमिन | रेखाङ्कन लगायतका अन्य कार्यालयको सर्जमिन प्रति सर्जमिन | ५०० | |
| ८ | घरबाटो सिफारिस | ट्रयाकरोड रिङ्गरोड | ४५०० | |
| | | टोखा रोड | ३००० | |
| | | ६ मिटर भन्दा ठुलो बाटो | २५०० | |
| | | ३ मिटर भन्दा ठुलो बाटो | २००० | |
| | | अन्य मोटरबाटो | १५०० | |
| | | गोरेटोबाटो / बाटो नभएको | १००० | |
| | | घर भएको जग्गामा घरबाटो सिफारिसमा थप | ५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (माथि उल्लेख भएको घरबाटो सिफारिसमा ४ आना भन्दा माथि प्रति आना १० प्रतिशतका दरले थप शुल्क लाग्नेछ, अंश बण्डा प्रयोजनको लागी थप शुल्क घरबाटो सिफारिसमा नलाग्ने) | | | |
| ०९ | मुद्दा मामिला तथा लिखत कागजात प्रमाणित | उजुरी तथा मुद्दा दर्ता | २०० | | |
| | | मिलापत्र तथा कागजात प्रमाणित | २०० | | |
| | | लिखत प्रमाणित रु १० लाख सम्मको लिखतमा | ५०० | | |
| | | लिखत प्रमाणित रु १० लाख १ भन्दा माथीको हकमा ०.०५ प्रतिशतले हुने रकम | | | |
| १० | अंग्रेजीमा गरिएका सिफारिस | प्रति सिफारिस | ५०० | | |
| | | अंग्रेजीमा गरिएको सम्पतिको मुल्याङ्क प्रति लाखमा (शैक्षिक अध्ययनको लागि बिद्यार्थीको हकमा ५० प्रतिशत छुट) | ५० | | |
| ११ | सडक खन्ने धरौटी | पक्की सडक खन्ने प्रति वर्ग मिटर | ३५०० | | |
| १२ | ब्यवसाय | ब्यवसाय संचालनमा नभएको ब्यहोराको सिफारिस | १००० | | |
| | | (अन्य ब्यवसाय दर्ता एव नबिकरणको लागी स्वीकृत बमोजिमको दररेट अनुसार हुनेछ ।) | | | |
| १३ | घ वर्ग | घ वर्गको निर्माण व्यवसायको दर्ता शुल्क | १०००० | | |
| | | नविकरण म्याद भित्र | २००० | | |
| | | नविकरण म्याद नाघेको ६ महिना भित्र नविकरण दस्तुरमा | १००% जरिवाना | | |
| | | ठाउँसारी | २००० | | |
| | | नामसारी | १०००० | | |
| १४ | विद्यालय | नीजि क्षेत्रका क्याम्पस तथा विश्वविद्यालय | | | २५००० |
| | | मन्टेश्वरी दर्ता / नविकरण | ७००० | १०००० | १५००० |
| | | आधारभूत ( दर्ता / नविकरण / कक्षा अपग्रेड) | ७००० | १०००० | १५००० |
| | | मा.वि ( दर्ता / नविकरण / कक्षा अपग्रेड) | १०००० | १५००० | २५००० |
| | | विद्यालयको नाम स्थान र स्वामित्व परिवर्तन मा.वि/ आधारभुत | ३०००० | ४०००० | ५५००० |
| | | | २५००० | ३५००० | ४०००० |
| | | कक्षा ८ को प्रमाणपत्रको प्रतिलिपी प्रमाणित | २०० | २०० | २०० |
| | | विद्यालय व्यवस्थापन समिति(संस्थागत) अध्यक्ष मनोनयन / नियुक्तिपत्र | ५०० | ५०० | ५०० |
| | | अनौपचारिक शिक्षा दर्ता | | | ५०० |
| | | शिशु स्याहार केन्द्र | | | ५०० |
| | | कम्प्यूटर तथा भाषा प्रशिक्षण केन्द्र | ३५०० | ५००० | १०००० |
| | | विद्यालय व्यवस्थापन समिति(संस्थागत) अध्यक्ष मनोनयन / नियुक्तिपत्र | ५०० | | |
| | | सामुदायिक विद्यालयको हकमा निशुल्क हुनेछ । माथि उल्लखित शुल्क विद्यालयको वर्ग ग ख र क अनुसार कायम गरिएको छ । | | | |
| १५ | छुट जग्गा दर्ता | प्रति सिफारिस ८ आनासम्मको | ५०० | | |
| | | ८ आना भन्दा माथिको प्रति आना थप | १०० | | |
| १६ | संघ/संस्था सिफारिस | नयाँ दर्ता सिफारिस प्रति संघ/संस्था | १००० | | |
| | | टोल बिकास संस्था दर्ता | ५०० | | |

| | | | |
|---|---|---|---|
| | | संघ/संस्था नबिकरण | ५०० |
| | | टोल बिकास संस्था नविकरण | २०० |
| १७ | व्यक्तिगत घटना दर्ता | घटाना घटेको ३५ दिन सम्म नि:शुल्क र सो पश्चात दर्ता विलम्व शुल्क | २०० |
| | | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको प्रलिलिपी | ५०० |
| | | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताव हेरेको | २०० |
| | | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली,२०७७ अनुसार | |
| १८ | ज.ध.प्र.पु.प्र.सि | ज.ध.प्रमाणपुर्जा प्रतिलिपी सिफारिस | ५०० |
| १९ | प्रतिलिपी | प्रतिलिपी प्रमाणपत्र | २०० |
| २० | सिफारिस | जग्गा उपयोगिता प्राविधिक विश्लेषण समितिको निर्णयानुसार गरिने खण्डीकरण सिफारिस प्रति आना | ५०० |
| २१ | सिफारिस | प्याराग्याईडिङ दर्ता सिफारिस | २००० |
| २२ | सिफारिस | अन्तराष्ट्रिय गैह्रसरकारी संस्था दर्ता तथा नविकरण सिफारिस | ५००० |
| २३ | सूचि दर्ता | नगरपालिकामा निर्माण सम्वन्धि कार्यको सूचि दर्ता शुल्क | १००० |
| | | नगरपालिकामा वस्तु तथा सेवा परामर्श सम्वन्धि सूचि दर्ता शुल्क | ५०० |

दैवीप्रकोप, स्वास्थ्य जन्य सिफारिस, पिडीत सिफारिस,नेपाली नागरिकता सिफारिस र विद्यार्थी छात्रवृत्ति सिफारिस, योजना माग,सम्झौता सम्वन्धित सिफारिस निःशुल्क गरिनेछ।

माथि उल्लेखित सेवा दस्तुरमा वडा नं. १ र २ लाई ब्यावसायिक करोवार वाहेकमा चारकिल्ला, घरजग्गाकर ( चालु आ.वको लागि)र आवासीय घरहरुको नक्सापासमा ४०% छुट दिईनेछ।

एकै प्रकृतिका एउटै सिफारिस तथा प्रमाणितमा वडा तथा नगरपालिकावाट छुट्टा छुटै दस्तुर लिईने छैन।

नगरपालिकालाई वुझाउनु पर्ने जुनसुकै प्रकृतिको कर तथा दस्तुरहरुमा माथि उल्लेख भएको हकमा सोहि अनुसार र उल्लेख नभएको हकमा विलम्व शुल्क प्रति वर्ष थप ५ % का दरले लाग्नेछ।

नगरपालिका तथा वडा कार्यालयहरुवाट सेवा प्रवाह गर्दा नगरपालिकालाई तिर्नु पर्ने कर, शुल्क दाखिला भए पछिमात्र सेवा प्रवाह गरिनेछ।

## अनुसूचि-१३
(दफा १४ संग सम्वन्धित)

**पर्यटन शुल्क**

पर्यटन शुल्क सम्वन्धी व्यवस्था आवश्यकता अनुसार नगर कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ।

## अनुसूचि-१४
(दफा १५ संग सम्वन्धित)

## दण्ड जरिवाना

१ नगरपालिका क्षेत्र भित्र अवैध रुपमा वालुवा, माटो चोरी निकासी गरेको पाईएमा तपशिल वमोजिम जरिवाना गरिनेछ।

| क्र.स | विवरण | सवारी साधन | पहिलो जरिवाना | दोश्रो | तेश्रो | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वालुवा | टिपर | २०००० | २५००० | ३०००० | |
| २ | | निशान | १२००० | १५००० | २०००० | |
| ३ | माटो | टिपर | ४००० | ६००० | १०००० | |
| ४ | | निशान | २००० | ३००० | ५००० | |

पुनश्चः तेश्रो जरिवाना पश्चात पनि चोरी निकासी गरेको पाईएमा सवारी जफत गरिनेछ। अवैध वालुवा चोरी निकासी नियन्त्रणको लागि स्थानीय प्रहरी प्रभागहरुलाई अनुरोध गरी नियन्त्रणमा लिईएको सवारीहरुवाट असुल भएको जरिवाना रकमको ३० प्रतिशत सम्वन्धित प्रभागलाई पुरस्कार उपलव्ध गराईने छ।

| | |
|---|---|
| २ | नगरपालिकाको वजार अनुगमन समितिवाट देखिएका कैफियतको लागि सामाग्रीको विक्रीमूल्यको दोव्वर रकम पहिलो पटक / तेव्वर रकम दोश्रो पटक र सो पश्चात व्यावसाय वन्दको लागि सम्वन्धित निकायमा लेखि पठाईने। |
| ३ | खुल्ला ठाउँमा वध गर्ने कार्य गरेमा पहिलो पटकलाई रु २०००/- दोश्रो पटक ४०००/- तेश्रो पटक रु १००००/- दण्डित गरिनेछ। |
| ४ | गुणस्तरहिन मासुजन्य पदार्थ विक्री वितरण गरेमा जफत तथा नष्ट गरी पहिलो पटक रु ५ हजार दोश्रो पटक रु १० हजार र सो पश्चात प्रतिपटक थप १० हजार गरिनेछ। |
| ५ | फोहोर मैला जथाभावी फाल्नेलाई फोहोरमैला व्यवस्थापन ऐन अनुसार आवश्यक दण्ड जरिवाना गरिनेछ। |
| ६ | अनुमति नलिई विद्यालय संचालन गरेमा तोकिएको दरमा प्रति वर्ष सत प्रतिशत दण्ड जरिवाना गरिनेछ। |
| | विद्यालयले वुझाउनु पर्ने विवरणहरु ( शुल्क विवरण, छात्रवृत्ति विवरण र EMIS तथ्याङ्क अपलोड) समयभित्र नगरेमा आधारभूत तहलाई रु २०००/- र मा.वि तहलाई रु ५०००/- जरिवाना गरिनेछ। |
| ७ | सहकारी संघ संस्थाहरुले नियमानुसार वुझाउनु पर्ने रिपोटहरु नियममित नवुझाएमा तपशिल वमोजिम जरिवाना गरिनेछ। |
| | संस्थाले पेश गर्नु पर्ने मासिक प्रतिवेदनहरु प्रत्येक महिनाको ७ गते भित्र पेश नगरेमा प्रति महिना रु १०००/- का दरले जरिवाना लाग्नेछ। |
| | संस्थाले वार्षिक साधारण सभा प्रत्येक वर्षको पौष मसान्तभित्र सम्पन्न् गरी माघ १५ गते भित्र सो को प्रतिवेदन नवुझाएमा प्रतप वर्ष रु २०००/- का दरले जरिवाना लाग्नेछ। |
| ८ | सडक पेटी अतिक्रमण गरि ठेलागाडा राख्नेलाई पहिलो पटक रु ५००/- दोश्रो पटक रु १०००/- तेश्रो पटक रु १५००/- तथा चौथौ पटक पनि फेला परेमा ठेलागाडा जफतगरी लिलामी वा नष्ट गरिनेछ। |
| ९ | सडकपेटी अतिक्रमण गरी व्यावसाय संचालन गर्नेलाई पहिलो पटक रु १०००/- दोश्रो पटक रु २०००/- तेश्रो पटक रु ३०००/- जरिवाना गरिनेछ। |
| १० | सडकपेटी अतिक्रमण गरी व्यावसाय संचालन गर्नेलाई पहिलो पटक रु १०००/- दोश्रो पटक रु २०००/- तेश्रो |

| | |
|---|---|
| | पटक रु ३०००/- जरिवाना गरिनेछ। |
| ११ | घरपालुवा चौपाया सार्वजनिक स्थानमा छाडा छोडेको पाईएमा चौपाया धनीलाई रु २०००/- प्रति चौपाया जरिवाना गरिनेछ। |
| १२ | घरपालुवा कुकुर सार्वजनिक स्थानमा दिशा गराएको पाईएमा कुकुर धनीलाई रु २०००/- प्रति पटक जरिवाना गरिनेछ। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | सार्वजनिक स्थल तथा सडकमा अतिक्रमण गरी अव्यवस्थित वजार,पसल,पार्किङ्ग लगायतका कार्यमा दण्ड जरिवाना | | | | | |
| | | विवरण | जरिवाना समय | पहिलो पटक | दोश्रो पटक | तेश्रोपटक |
| | | ठेलागाडा २ पाङ्ग्रे | सोहि दिन | ५० | १०० | १५० |
| | | गाडा २ पाङ्ग्रे भन्दा माथि | सोहि दिन | १०० | १५० | २०० |
| | | फलफुल साईकल | सोहि दिन | ५० | १०० | १५० |
| | | घुम्ति पसल | | १०० | १५० | २०० |
| | | आर्युर्वेदिक औषधि | | ५० | १०० | १५० |
| | | चिया पसल | | ५० | १०० | १५० |
| | | स्ट्याण्ड वोर्ड | | ५० | १०० | १५० |
| | | होडिङ्ग वोर्ड ( प्रति वर्गफुट) | | ५ | १० | २० |
| | | टल्याक्स फ्रेम व्यानर | | ५० | १०० | २०० |
| | | फ्लेक्स व्यानर | | ५० | १०० | १५० |
| | | उट | | ५० | १०० | १५० |
| | | कपडाको व्यानर | | ५० | १०० | १५० |
| | | चुरोट पसल | | ५० | १०० | १५० |
| | | नाङ्गलो पसल | | ५० | १०० | १५० |
| | | व्यावसायीक स्टल | | १०० | २०० | ३०० |
| | | सिडि पसल | | १०० | २०० | ३०० |
| | | कुखुरा | | ५० | १०० | १५० |
| | | खसी वाख्रा चौपाया | | १०० | १५० | २०० |
| | | पन्छी | | ५० | १०० | १५० |
| | | सागसब्जी | | २५ | ५० | ७५ |
| | | फलफुल | | ५० | १०० | १५० |
| | | चनाचटपटे / खोचा | | ५० | १०० | १५० |
| | | पानीपुरी खोचा | | ५० | १०० | १५० |
| | | कपडाको पसल | | १०० | २०० | ३०० |
| | | कस्मेटिक सामान | | १०० | १५० | २०० |
| | | काष्ट समाग्री | | २०० | ३०० | ४०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | फलामे सामाग्री | | १०० | २०० | ३०० |
| | | खेलौना | | १०० | १५० | २०० |
| | | भाडावर्तन | | १०० | १५० | २०० |
| | | मेसिनरी औजार | | ३०० | ५०० | ७०० |
| | | घडी | | १०० | २०० | ३०० |
| | | जुता पसल | | २०० | ३०० | ५०० |
| | | ढल तराजु | | १०० | २०० | ३०० |
| | | क्रेट | | १०० | २०० | ३०० |
| | | किताव | | ५० | १०० | १५० |
| | | पत्रपत्रिका | | ५० | १०० | १५० |
| | | मोवाईलको खोल चार्जर | | १०० | २०० | ३०० |
| | | निर्माण औजार | | १०० | २०० | ३०० |
| | | निर्माण सामाग्री | | १००० | १५०० | २००० |
| | | स्टोभ | | ५० | १०० | २०० |
| | | खाद्य पदार्थ | | १०० | २०० | ३०० |
| | | वेल्ट | | १०० | २०० | ३०० |
| | | विद्युतिय सामाग्री | | २०० | ३०० | ४०० |
| | | डमी | | १०० | २०० | ४०० |
| | | माछा | | २०० | ३०० | ४०० |
| | | ढुगाँवाट निर्मित सामाग्री | | २०० | ३०० | ४०० |
| | | सवारी साधन/ गाडी ( विज्ञापनको लागि प्रयोग भएका लागि) | | १००० | १५०० | २००० |
| | | माटोवाट निर्मित सामान | | १०० | १५० | २०० |
| | | ग्यास सिलिन्डर/ चुल्लो | | २०० | ३०० | ४०० |
| | | दुई पाङ्ग्रे सवारी अनधिकृत पार्किङग | | ५०० | ७०० | १००० |
| | | टेवल/वेन्च | | २०० | ३०० | ४०० |
| | | दराज | | २०० | ३०० | ४०० |
| | | छाडा चौपाया | | २०० | ३०० | ४०० |
| | | रड/ छड | | १००० | १५०० | २००० |
| | | अनधिकृत स्थलमा चारपाङ्ग्रे सवारी साधन पार्किङ्ग ( हल्का सवारी) | | ५०० | ७०० | १००० |
| | | अनधिकृत स्थलमा चारपाङ्ग्रे सवारी साधन पार्किङ्ग ( हेभी सवारी) | | १००० | १५०० | २००० |

माथि उल्लखित विषय वाहेकको हकमा सामानको अवस्था तथा परिमाण हेरी डियुटिमा खटिएको अधिकारीवाट ततकाल निर्णय गरि रु २५ देखि २००० सम्म जरिवाना गर्न सक्नेछ।

**पुनश्च: चौथो पटक वा सो भन्दा पछिको हकमा तेश्रो पटकको जरिवानाको क्रमश दोव्वर तेव्वर गरी जरिवानादर वृद्धि गर्दै लगिनेछ।**